**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ९, संख्याः १४, कार्तिक १७ गते, २०८२ साल**

व्यास नगरपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका (तेस्रो संशोधन), २०८२

कार्यपालिकाबाट पारित मिति : २०८२।७।१६

व्यास नगरपालिकाको दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| क्र.स. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | दफा ५ (५) सहकारी संस्थाको आवेदन र प्रस्ताव उपर छानविन तथा मूल्याङ्कन गर्नको लागि तपसिल अनुसारको मूल्याङ्कन समिति रहनेछ :<br>(क) संयोजक -आर्थिक विकास समिति संयोजक<br>(ख) सदस्य - कार्यपालिका कार्यकारीणी सदस्य मध्ये एक जना महिला सदस्य<br>(ग) सदस्य - आर्थिक पूर्वाधार विकास शाखा प्रमुख<br>(घ) सदस्य - प्रमुख प्रशासकीय अधिकृतले तोकेको शहरी पूर्वाधार तथा प्राविधिक शाखाको अधिकृत कर्मचारी<br>(ङ) सदस्य सचिव - पशु विकास उपशाखा प्रमुख | सहकारी संस्थाको आवेदन र प्रस्ताव उपर छानविन, मूल्याङ्कन तथा सिफारिसको कार्य व्यास नगरपालिका आर्थिक विकास समितिले गर्नेछ । |

| क.स. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
| --- | --- | --- |
| २. | दफा ६(१) मूल्याङ्कन समितिबाट सिफारिस भई आएका सहकारीहरुको नगरपालिकाद्वारा अन्तिम छनौट गरी प्रति लिटर एक रूपैयाको दरले अनुदान रकम उपलब्ध गराइने छ । यसरी उपलब्ध गराउने अनुदान रकम नगर सभाले तोके अनुसार हुनेछ | आर्थिक विकास समितिबाट सिफारिस भई आएका सहकारीहरूको नगर कार्यपालिकाद्वारा अन्तिम छनौट गरी प्रति लिटर दुई रुपैंयाँका दरले अनुदान रकम उपलब्ध गराइनेछ । |

आज्ञाले
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत